# फलफूल बिरुवा तथा बीउ आलु उत्पादनको लागि तन्तु प्रजनन् प्रयोगशाला निर्माण तथा सञ्चालन कार्यविधि २०७५

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**कृषि विकास निर्देशनालय**

गण्डकी प्रदेश

मालेपाटन, पोखरा

# फलफूल बिरुवा तथा बीउ आलु उत्पादनको लागि तन्तु प्रजनन् प्रयोगशाला निर्माण तथा सञ्चालन कार्यविधि २०७५

**प्रस्तावना**

विगत केही वर्ष यता गण्डकी प्रदेश अन्तर्गतका जिल्लाहरूमा फलफूल तथा आलु बालीको खेती बिस्तार भइ ती बालीहरूको उत्पादन वृद्धि हुँदै गईरहेको छ ।यस प्रदेशको ग्रामीण क्षेत्रहरूमा समेत सडक यातायात, सञ्चार सेवाको बिस्तारले गर्दा उत्पादित उपजहरूको विक्री वितरणमा सहज भइ कृषकहरू व्यवसायिक तवरमा व्यवसायिक खेती गर्न उत्साहित भइरहेका छन् । अतः कृषकस्तरमा बढ्दो फलफूल बिरुवा तथा बीउ आलुको बीउको माग पूर्ति गर्न गुणस्तरीय बीउ/बिरुवाको उपलब्धता सुनिश्चित पार्नु पर्ने देखिन्छ । रोग मुक्त गुणस्तरीय बीउ/बिरुवा उत्पादनमा तन्तु प्रजनन् प्रविधिलाई प्रभावकारी मानिन्छ । तसर्थ, गण्डकी प्रदेशका विभिन्न जिल्लाहरूमा तन्तु प्रजनन् प्रविधि मार्फत फलफूल बिरुवा तथा बीउ, आलु उत्पादन गर्ने कार्यको सुरूवात गर्न तन्तु प्रजनन् प्रयोगशाला स्थापना गर्न आवश्यक देखिएकाले आ.व. २०७५।७६ को लागि सङ्घबाट ससर्त अनुदान प्राप्त फलफूल बिरुवा तथा बीउ आलु उत्पादनको लागि तन्तु प्रजनन् प्रयोगशाला निर्माण कार्यक्रम सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाइ कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम **"फलफूल बिरुवा तथा बीउ आलु उत्पादनको लागि तन्तु प्रजनन् प्रयोगशाला निर्माण तथा सञ्चालन कार्यविधि २०७५"** रहेको छ।

ख) यो कार्यविधि गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. कार्यविधि लागू हुने क्षेत्र**

यो कार्यविधि गण्डकी प्रदेशभर लागू हुनेछ।

**३. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क) **“उद्यमी”** भन्नाले यस कार्यविधि अनुरूप तन्तु प्रजनन प्रयोगशाला निर्माणका लागि पाउने अनुदान लिने उद्देश्यले आवेदन दिने निजी कम्पनी वा सहकारी संस्था वा सार्वजनिक संस्था वा गैरसरकारी संस्था सम्झनुपर्दछ ।

ख) **“प्रस्ताव”** भन्नाले उद्यमीले तन्तु प्रजनन प्रयोगशाला तथा स्क्रिन हाउस, सेड हाउस वा हाइटेक ग्रीन हाउस जस्ता हाइटेक विकास गर्नका लागि अनुदान पाउन पेश गरेको आवेदनको विवरण सम्झनुपर्दछ ।

ग) **“अनुदान”** भन्नाले यस कार्यविधि अनुरूप तन्तु प्रजनन प्रयोगशाला तथा स्क्रिन हाउस, सेड हाउस वा हाइटेक ग्रीन-हाउस जस्ता हाइटेक विकास र सञ्चालन गर्नका लागि सहयोग पुर्याउन उपलब्ध गराइने नगद तथा वस्तुगत सहयोग सम्झनुपर्दछ ।

घ) **“मन्त्रालय”** भन्नाले गण्डकी प्रदेश अन्तर्गतको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनुपर्छ।

ङ) **“निर्देशनालय”** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेको कृषि विकास निर्देशनालयलाई सम्झनुपर्दछ ।

च) **“केन्द्र”** भन्नाले कृषि विकास निर्देशनालय अन्तर्गत जिल्ला स्थित कृषि प्रविधि प्रसार सेवा उपलब्ध गराउने कृषि ज्ञान केन्द्र भन्ने सम्झनुपर्दछ ।

छ) **“प्रमुख”** भन्नाले कृषि विकास निर्देशनालयका तथा कृषि ज्ञान केन्द्र प्रमुख भन्न सम्झनुपर्दछ।

ज) **“गैर-सरकारी संस्था”** भन्नाले संस्था दर्ता ऐन अनुरुप सम्बन्धित कार्यालयमा दर्ता भएको संस्था सम्झनुपर्दछ ।

झ) **“सहकारी संस्था”** भन्नाले सहकारी ऐन २०७४ तथा नियमावली बमोजिम सम्बन्धित कार्यालयमा दर्ता भएको सहकारी संस्था वा सङ्घ सम्झनुपर्दछ ।

ञ) **“निजी कम्पनी”** भन्नाले निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको कम्पनी भन्ने बुझ्नु पर्दछ । यस शब्दले घरेलु तथा साना उद्योग विभागमा दर्ता भएको उद्योग समेतलाई जनाउँदछ ।

ट) **“सार्वजनिक संस्था”** भन्नाले नेपाल सरकार वा गण्डकी प्रदेशको अन्तर्गत सरकारको लगानीमा स्थापना भइ सञ्चालित बोर्ड, समिति, संस्थान सम्झनुपर्दछ । यस अन्तर्गत सङ्घीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कार्यक्रम अनुरूप सञ्चालित कृषि उपज बजारको सञ्चालक समिति समेत सम्झनुपर्दछ।

ठ) **“छनौट तथा मूल्याङ्कन समिति”** भन्नाले परिच्छेद २ को दफा ८ अनुसार गठित समिति सम्झनुपर्दछ ।

ड) **“तन्तु प्रजनन”** भन्नाले साधारणतया बिरुवाको स्वस्थ एवम् स्वच्छ कोष वा कोशिकाहरू वा कुनै जीवित भाग सङ्कलन गरी नियन्त्रित वातावरणमा (कोठामा वा घरमा वा incubator मा) उपयुक्त पोषक तत्व भएको कृतिम माध्यममा (nutrient medium) स्वस्थ र सुरक्षित तवरले बिरुवा तयारी तथा प्रसारण गरिने एक प्रविधि भन्ने सम्झनुपर्दछ ।

ढ) **“प्रयोगशाला ”** भन्नाले नियन्त्रित वातावरणमा तन्तु प्रजनन गर्ने घर सम्झनुपर्दछ ।

ण) **"पूर्वाधार"** भन्नाले फलफूल बिरुवा तथा बीउ आलुउत्पादनका लागि निर्माण हुने तन्तु प्रजनन प्रयोगशाला तथा स्क्रिन हाउस, सेड हाउस वा हाइटेक ग्रीनहाउस हरू भन्ने बुझिन्छ।

## ४. कार्यक्रमको उद्देश्य

क) निजी क्षेत्रलाई तन्तु प्रजनन् प्रयोगशाला स्थापना र सञ्चालन गर्न सहयोग गरी गुणस्तरीय फलफूल बिरुवा तथा बीउ आलु उत्पादन गर्ने ।

ख) गुणस्तरीय फलफूल बिरुवा तथा बीउ आलु उत्पादन गर्न निजी कम्पनी, सहकारी संस्था, सार्वजनिक/गैरसरकारी संस्थालाई प्रोत्साहन गरी सक्षम बनाउने ।

ग) गण्डकी प्रदेशमा फलफूल तथा आलु बालीको उत्पादन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन गर्ने साथै खाद्य तथा पोषण अवस्थामा सुधार ल्याउने ।

# परिच्छेद २
# कार्यक्रम सञ्चालन विधि

## ५. सूचना प्रकाशन तथा प्रस्ताव आह्वान

क) यस कार्यविधि अनुसार सम्भाव्य र आवश्यक पर्ने जिल्ला तथा क्षेत्रहरूमा तन्तु प्रजनन् प्रयोगशाला निर्माणका लागि स्थान छनौट गर्न राष्ट्रिय दैनिक पत्रिका मार्फत कम्तीमा ३० दिनको म्याद दिई प्रस्ताव आह्वानको सूचना प्रकाशित गरिनेछ । प्रकशित सूचना लगायतका अन्य आवश्यक कागजातहरू केन्द्रको वेवसाइट पनि राख्ने व्यवस्था गर्नेछ । प्रेसित सूचनाको व्यापक प्रचार-प्रसारका लागि स्थानीय निकायका सबै कार्यालयहरूमा सूचना टाँस्ने व्यवस्था हुनुपर्ने । सूचना बमोजिम सम्बन्धित कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि वा पर्यटन सम्बन्धी कम्पनी वा संस्था आदिले प्रस्ताव पेश गर्न।

ख) (क) बमोजिम प्रकाशिन सूचना अनुरूप उद्यमीले तोकिएको अन्तिम मितिसम्म कार्यालय समयभित्र सम्बन्धित कार्यालयमा यस कार्यविधिको अनुसूची २ मा उल्लेख भए बमोजिम सम्पूर्ण कागजात सहित आवेदन प्रस्ताव खाम बन्दी गरी पेश गर्नु पर्नेछ ।

ग) प्रस्ताव पेश गर्ने कम्पनी/संस्थाले निर्माण गरिने तन्तु प्रजनन् प्रयोगशालाको हकमा विस्तृत डिजाइन र लागत इस्टिमेट समेत पेश गर्नु पर्नेछ । उक्त डिजाइन र लागत इस्टिमेट निर्देशनालय वा अन्य सरकारी इन्जिनियरबाट तयार गराउनु पर्नेछ ।

## ६. अनुदान उपलब्ध गराउने आधारहरू

क) प्रस्ताव पेश गर्ने कम्पनी/संस्थाले निर्माण गरिने प्रयोगशालाको विस्तृत डिजाइन र लागत इस्टिमेट सहित प्रयोगशाला सञ्चालनका लागि चाहिने मेसिनरी उपकरणहरूको स्पेशीफिकेशन तथा लागत मूल्य समेत पेश गर्नुपर्नेछ । उक्त डिजाइन र मेसिनरीहरूको स्पेशीफिकेशन निर्देशनालय वा अन्य सरकारी इन्जिनियरबाट तयार गराउनु पर्नेछ ।

ख) तन्तु प्रजनन् प्रयोगशालाबाट वार्षिक कम्तीमा ५०,००० फलफूलका बिरुवा तथा २५,००० बीउ आलु (Tuber) उत्पादन गर्न सक्ने क्षमता भएको संरचनाको डिजाइन र स्थानीय दर रेट अनुसार लागत अनुमान तयार गरेको हुनुपर्नेछ ।

ग) प्रयोगशालाको मेसिनरी उपकरणहरू प्राप्त गर्ने उद्यमीलेले खरिद गरेको मेसिनरी उपकरणहरू यस कार्यविधिको उद्देश्य अनुसार प्रयोग गर्ने प्रत्याभूति दिलाउन सक्नुपर्नेछ।

## ७. आवेदन दिन आवश्यक योग्यता

यस कार्यविधि अनुरूप तन्तु प्रजनन् प्रयोगशाला स्थापना गर्नका लागि अनुदान प्राप्त गर्न देहायका योग्यता पुगेका सबै उद्यमीहरूले अनुसूची २ अनुसार आवेदन दिन सक्नेछन् ।

क) आवेदक उद्यमी कानुन बमोजिम दर्ता भइ स्थायी लेखा नम्बर लिएका, संस्था दर्ता भएको कम्तीमा एक वर्ष पूरा भएको, साधारण सभा गरेर वार्षिक लेखा-परीक्षण गरेको साथै सरकारी कर चुक्ता गरेको हुनुपर्नेछ ।

ख) तन्तु प्रजनन् प्रयोगशाला निर्माणका लागि कम्तीमा ५ रोपनी क्षेत्रफलको जग्गा हुनु पर्नेछ र उक्त जग्गामा बाटो, बिजुली, पानी आदिको सुविधा भएको हुनु पर्नेछ । प्रयोगशाला निर्माण कार्यमा संलग्न हुने कम्पनी/संस्थाको आफ्नै नाममा जग्गा हुनुपर्नेछ वा कम्तीमा १५ वर्षका लागि भाडामा लिएको हुनुपर्नेछ ।

ग) उद्यमीले प्रयोगशाला निर्माण र सञ्चालन कार्ययोजनामा भएको लागत बमोजिम योगदान व्यहोर्न सक्ने क्षमता भएको हुनुपर्नेछ ।

घ) तन्तु प्रजनन् प्रयोगशाला स्थापना र सञ्चालनका लागि पूर्वाधार निर्माण पश्चात उपयोगका लागि आवश्यक प्राविधिकको व्यवस्था भएको र अन्य पूर्वाधारका लागि स्वयम् दक्ष भएको हुनुपर्ने वा दक्ष प्राविधिकको व्यवस्था भएको हुनुपर्नेछ ।

ङ) तन्तु प्रजनन् प्रयोगशाला तथा स्क्रिन-हाउस, सेड-हाउस वा ग्रीन-हाउस जस्ता पूर्वाधार स्थापना र सञ्चालन कार्ययोजनामा भएको लागत बमोजिम योगदान व्यहोर्न सक्ने क्षमता भएको हुनुपर्नेछ ।

च) आवेदक कम्पनी/संस्थाले आफूले व्यहोर्नु पर्ने रकम वित्तीय संस्थाबाट ऋण लिई गर्ने भएमा लगानी गर्ने बराबरको रकम प्राप्त गर्ने प्रतिबद्धता वा बैङ्क ग्यारेण्टी-पत्र पेश गर्नुपर्नेछ ।

## ८ मूल्याङ्कन समितिको व्यवस्था

यस कार्यविधिको अनुसूची १ मा प्रकाशित सूचना बमोजिम पेश भएका आवेदनहरूलाई छनौट वा मूल्याङ्कन गर्नका लागि तपसिल बमोजिमको छनौट तथा मूल्याङ्कन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) वरिष्ठ कृषि प्रसार अधिकृत, निर्देशनालय | -संयोजक |
| (ख) कृषि विकास महाशाखा प्रमुख, मन्त्रालय | -सदस्य |
| (ग) कृषि इन्जिनियर, निर्देशनालय, पोखरा | -सदस्य |
| (घ) लेखा अधिकृत, निर्देशनालय | - सदस्य |
| (ङ) वरिष्ठ बागवानी विकास अधिकृत, निर्देशनालय | -सदस्य सचिव |

समितिले आवश्यकता अनुसार बढीमा २ जनासम्म विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । उपरोक्त समिति गठनका लागि उल्लेख भए बमोजिमको अधिकृत उपलब्ध नभएमा वा रिक्त भएमा कार्यालयमा भएका विषय सम्बन्धित कृषि प्राविधिक राखी समिति गठन गर्न सकिनेछ ।

## ९. छनौट तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार

क) आवेदक कम्पनी/संस्थाबाट पेश भएका प्रस्ताव र सोसँग सम्बन्धित कागजातहरूको मूल्याङ्कन र चेकजाँच गर्ने, प्रयोगशाला निर्माण हुने स्थानको अनुगमन गरी सम्भाव्य देखिएका प्रस्तावलाई छनौटका लागि सिफारिस गर्ने ।

ख) छनौट तथा मूल्याङ्कन समितिको सिफारिसका आधारमा सम्बन्धित प्रमुखले प्रस्ताव स्वीकृत गर्नेछन्।

ग) प्रयोगशाला निर्माणको लागि अनुदानको किस्ता निकासा गर्न सिफारिस गर्ने ।

घ) निर्माण कार्यक्रमको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

ङ) अनुदान रकमको हिसाब पेश नगर्ने वा सदुपयोग नगर्ने कम्पनी/संस्थालाई कारवाहीका लागि सिफारिस अघि बढाउने ।

च) छनौट तथा मूल्याङ्कन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

१०. **प्रस्ताव मूल्याङ्कन, छनौट तथा सम्झौता**

क) उद्यमीहरूबाट यस कार्यविधि बमोजिम प्राप्त प्रस्तावहरू छनौट तथा मूल्याङ्कन समितिले खाम बन्दी प्रस्तावहरू खोली मूल्याङ्कनको प्रक्रिया अगाडि बढाउने छ ।

ख) प्रारम्भिक मूल्याङ्कनको लागि समितिबाट पेश भएका प्रस्तावहरूले आवश्यक न्यूनतम आधारहरू पूरा गरेको/नगरेको यकिन गरि पहिलो चरणमा प्रारम्भिक स्क्रिनिङ गरिनेछ । न्यूनतम आधारहरू पूरा नगरेका प्रस्तावहरूलाई समितिले मूल्याङ्कनको लागि अगाडि बढाउने छैन।

ग) आवश्यक न्यूनतम योग्यता पूरा गरी प्रारम्भिक स्क्रिनिङबाट सफल भएका प्रस्तावहरूलाई समितिबाट यस कार्यविधिको अनुसूची ४ बमोजिम मूल्याङ्कनका आधारहरूमा जाँच गरि अङ्क प्रदान गरिनेछ । प्राप्त प्रस्तावहरू मध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावहरूलाई उपलब्ध बजेटको आधारमा अनुदान प्रदान गर्न छनौट गरि समितिका अध्यक्ष समक्ष सम्झौताको लागि सिफारिस गरिनेछ ।

घ) समितिले आवश्यक ठानेमा पेश भएका प्रस्ताव र कार्ययोजना अनुसार भए/नभएको सम्बन्धमा फिल्ड अनुगमन समेत गर्न सक्नेछ । अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुठो ठहरिए वा प्राविधिक दृष्टिकोणले अनुपयुक्त भएमा वा आवश्यक न्यूनतम योग्यता पूरा नगरेको यकिन भएमा सो प्रस्ताव रद्द गरि अन्य बाँकी प्रस्तावहरूको मूल्याङ्कन कार्य अगाडि बढाइनेछ ।

ङ) सम्बन्धित निर्देशनालय र छनौट हुन सफल उद्यमीबीच यस कार्यविधिको अधीनमा रही अनुसूची ६ बमोजिम कार्यक्रम सञ्चालनको लागि सम्झौता गरिनेछ ।

## परिच्छेद ३

## अनुदान रकम स्वीकृति र सम्झौता

११. प्रयोगशाला निर्माण कार्यक्रम सञ्चालनका लागि सम्झौता बमोजिम निर्देशनालयबाट अनुदानको रकम उपलब्ध गराइनेछ । अनुदान स्वीकृत कार्यक्रम तथा बजेटको सीमाभित्र रही प्रदान गरिनेछ । तथापि एउटा प्रस्तावको लागि अधिकतम १ करोडसम्म उपलब्ध गराउन सकिने छ। अनुदान उपलब्ध गराउँदा पुँजीगत अनुदानलाई प्रथामिकता दिइने छ ।

१२. दफा (११) मा उल्लेख गरिए बमोजिम प्रयोगशाला निर्माण कार्य सञ्चालनका लागि कुल प्रस्तावमा पेश भएको इष्टिमेटको अधिकतम ७० प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ

। साथै उक्त अनुदान रकम प्रयोगशाला सञ्चालनका लागि चाहिने मेसिनरी तथा उपकरणहरू (प्रयोगशालामा दैनिक रूपमा प्रयोग हुने केमिकल बाहेक) मा समेत दिन सकिनेछ ।

१३. निवेदक कम्पनी/संस्थाले आफूले व्यहोर्ने वा लगानी गर्ने रकमको प्रतिबद्धता (बैङ्क ग्यारेन्टी) पत्र पेश भएपछि मात्र अनुदान उपलब्ध गराइनेछ ।

१४. अनुदान प्राप्त हुने रकमको अधिकतम ३ (तीन) प्रतिशत रकम कन्टिन्जेन्सी बापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, प्रस्ताव मूल्याङ्कन जस्ता प्रशासनिक कार्यमा खर्च गरिनेछ।

## परिच्छेद ४

## अनुदान रकम उपलब्ध गराउने र खर्च गर्ने विधि

**१५. अनुदान प्रवाह विधि**

क) प्रस्तावकले अनुदान रकमको किस्ता प्राप्त गर्न स्वीकृत कार्ययोजना अनुसारका क्रियाकलापहरू सञ्चालन गर्दा भएको खर्चको बिल, भर्पाइ र प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ । किस्ता भुक्तानी गर्दा छनौट तथा मूल्याङ्कन समितिको मूल्याङ्कन तथा स्थलगत अनुगमन रिपोर्ट सहितको सिफारिसको आधारमा एकाउन्ट पेयी चेकबाट बढीमा २ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराइनेछ ।

ख) यस कार्यविधि बमोजिम उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख सम्बन्धित निर्देशनालयले राख्नु पर्नेछ र सोको प्रगति विवरण माथिल्लो निकायमा पठाउनु पर्नेछ ।

**१६. उद्यमीले पालन गर्नुपर्ने सर्तहरू**

क) यस कार्यविधि बमोजिम सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि इत्यादि खुलेको होर्डिङबोर्ड कार्यक्रम सञ्चालन स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

ख) अनुदान प्राप्त गर्ने उद्यमीले प्रयोगशाला निर्माण कार्यको तथा मेसिनरी, उपकरण जडान गर्ने कार्य गरे पश्चात तोकिएको प्राविधिकबाट सम्पन्न कामको निरीक्षण गराइ बिल भुक्तानीको लागि पेश गर्नुपर्नेछ ।

ग) कार्यक्रम सञ्चालन गर्ने क्रममा उद्यमीले मन्त्रालय, निर्देशनालय र केन्द्रले दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

घ) निर्देशनालय र केन्द्रले चाहेमा क्रियाकलाप सञ्चालन तथा सो गर्ने क्रममा भएको खर्चको हिसाब किताब हेर्न सक्नेछ । कार्य प्रगति तथा खर्चको हिसाब देखाउनु सम्बन्धित उद्यमीको दायित्व हुनेछ ।

ङ) प्रयोगशालाबाट उत्पादित तथा बिक्री वितरण भएका बिरुवाहरूको विवरण माग भएको अवस्थामा उद्यमीले सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

च) प्रस्तावित संरचना निर्माणपश्चात मर्मत सम्भारको जिम्मा अनुदानग्राहीको हुनेछ ।

छ) प्रास्तावित संरचनाहरू निर्माण गर्दा कुनै दुर्घटना भएमा त्यसको जिम्मेवारी अनुदानग्राहीले नै लिनुपर्नेछ ।

## परिच्छेद ५
## अनुगमन तथा मूल्याङ्कन व्यवस्था

### १७. अनुगमन तथा मूल्याङ्कन

क) अनुदान प्राप्त प्रयोगशाला निर्माण कार्यको अनुगमन मन्त्रालय, निर्देशनालय र सम्बन्धित केन्द्रहरूले संयुक्त वा आवश्यकता अनुसार छुट्टा छुट्टै पनि गर्न सक्नेछन् ।

ख) दफा (क) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नुपर्नेछ।

ग) दफा (क) बमोजिम दिएको निर्देशनको पालना गर्नु उद्यमीको कर्तव्य रहनेछ ।

## परिच्छेद ६
## विविध

### १८ अनुदान रकमको दुरूपयोग सम्बन्धमा

क) सम्झौता अनुरूप काम नगर्ने अनुदानग्राही वा उद्यमीलाई छनोट समितिले अनुदान रकम रोक्का राख्न सक्नेछ।

ख) अनुदान प्राप्त उद्यमीले कम्तीमा १० (दश) वर्ष नियमित रूपमा फलफूल बिरुवा तथा आलु बीउ उत्पादन गर्नुपर्नेछ । उत्पादित फलफूल बिरुवा तथा आलु बीउ मन्त्रालय वा मातहतका निकायहरूले तोकेको दरमा उपलब्ध गराउनुपर्नेछ ।

ग) मन्त्रालय, निर्देशनालय र केन्द्रले तोकेको अधिकृत कर्मचारीबाट फलफूल बिरुवाको उत्पादनको निरीक्षण र आवश्यक परेमा प्रयोगशाला परीक्षण गरेर बिक्री गर्न योग्य प्रमाणित भए पश्चात मात्र मन्त्रालय, निर्देशनालय र केन्द्रको समन्वयमा बिक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ ।

घ) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरूपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित ऐन नियम बमोजिम कारवाही गरी असुल उपर गरिनेछ।

**१९. बाधा अड्चन निरूपण**

क) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरूपण छनौट समितिको सिफारिसमा केन्द्र प्रमुखले गर्नेछ ।

**२०. संशोधन तथा परिमार्जन**

क) यो कार्यविधिमा केही कुरा संशोधन वा परिमार्जन गर्न परेमा निर्देशनालयको सिफारिसमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**२१. प्रचलित कानुन बमोजिम हुने**

यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र अन्य व्यवस्थाहरूको हकमा प्रचलित ऐन र कानुन बमोजिम हुनेछ ।

## अनुसूची १

## फलफूल बिरुवा तथा बीउ आलु उत्पादनका लागि तन्तु प्रजनन प्रयोगशाला स्थापना कार्यक्रमको प्रस्ताव आह्वानको सूचना

**सूचना ।। सूचना ।। सूचना ।।**

यस ......को आ.व ...... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रतिस्पर्धाको आधारमा फलफूल बिरुवा तथा बीउ आलु उत्पादनका लागि तन्तु प्रजनन प्रविधिबाट बिरुवा उत्पादन गर्नको लागि तन्तु प्रजनन प्रयोगशाला स्थापनाको कार्यक्रम रहेको हुँदा इच्छुक कम्पनी/संस्थाबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र अनुसूची २ अनुसारको कागजातहरू संलग्न राखी प्रस्ताव सहित आवेदन यस कार्यालयमा पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । आवेदन बुझाउने सम्बन्धमा थप जानकारीका लागि .................. मा सम्पर्क राख्न सकिनेछ ।

## अनुसूची २

## फलफूल बिरुवा तथा बीउ आलु उत्पादनका लागि तन्तु प्रजनन प्रयोगशाला स्थापना कार्यक्रमको अनुदान सहयोग मागका लागि आवेदन फाराम

श्रीमान् ..............................

......................................... ।

मेरो/हाम्रो ............................. कम्पनी/संस्थाबाट ....... जिल्ला, ......... म.न.पा./उप-म.न.पा./न.पा./गा.पा., वडा नं ...... अन्तर्गत ....... स्थानमा फलफूल बिरुवा तथा बीउ आलु उत्पादनका लागि तन्तु प्रजनन प्रयोगशाला स्थापना गर्ने लक्ष्य रहेकोले सोका लागि कुल लागत अनुमान रु.....................मध्ये रु .................. मेरो/हाम्रो आफ्नै तर्फबाट व्यहोरी बाँकी रकम रु......................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजात संलग्न राखी यो आवेदन पेश गरेको छु/गरेका छौं ।

संलग्न कागजातहरू

१) रु.१० को टिकट टाँसेको अनुसूची २ अनुसारको आवेदन ।
२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३) सङ्घ/संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर लिएको प्रमाणको प्रतिलिपि, कर चुक्ता गरेको पत्रको प्रतिलिपि ।
४) प्रयोगशाला निर्माण स्थानको जग्गाको लालपुर्जा वा भाडामा लिएको भए सम्झौताको प्रतिलिपि ।
५) प्रयोगशाला सञ्चालनमा संलग्न हुने प्राविधिकको व्यक्तिगत विवरण ।
६) भौतिक निर्माणको डिजाइन सहित लागत इस्टिमेट र खरिद गर्न चाहेको मेसिनरी औजारहरूको स्पेशिफिकेशन तथा लागत मूल्य ।
७) अनुसूची ३ बमोजिमको कार्ययोजनाको विवरण ।
८) फलफूल बिरुवा वा बीउ आलु सम्बन्धी विगत ३ (तीन) वर्षदेखि निरन्तर काम गरेको अनुभवको प्रमाण खुल्ने आधिकारिक कागजात पत्र ।
९) सम्बन्धित स्थानीय निकाय वा कृषि सम्बन्धी सरकारी निकायको सिफारिस पत्र ।
१०) निजी फर्म/संस्था/कम्पनीले व्यहोर्नुपर्ने रकम नगद मौज्दात रहेको प्रमाण (बैङ्क स्टेटमेन्ट) र लगानीको स्रोतको आधार ।
११) सडक, बिजुली, र पानीको स्रोतको आधिकारिक प्रमाण पुष्टि हुने कागजात ।
१२) प्रयोगशालामा काम गर्ने प्राविधिकको यस कार्यविधि अनुसार अनुदान प्राप्त गरी निर्माण भएको प्रयोगशालामा काम गर्ने सम्बन्धी प्रतिबद्धता-पत्र ।

*(नोटः माथि उल्लेखित कागजपत्र संलग्न नरहेको खण्डमा त्यस्ता प्रस्तावहरू मूल्याङ्कनको लागि अगाडि बढाइने छैन ।)*

निवेदक

संस्थाको छाप

## अनुसूची ३

### म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.ले प्रदान गर्ने सिफारिस पत्रको ढाँचा

............... कार्यालयको मिति ........... को राष्ट्रिय दैनिक ...... मा प्रकाशित सूचना अनुसार ........ जिल्ला .... म.न.पा./उप-म.न.पा./न.पा./गा.पा., वार्ड नं. ............ टोल ............ मा सञ्चालित .......... निजी कम्पनी वा सहकारी संस्था वा सार्वजनिक संस्था वा गैर-सरकारी संस्थाले सिफारिस पाउँ भनी दिनुभएको निवेदन उपर जानकारी भए अनुसार उक्त निजी कम्पनी वा सहकारी संस्था वा सार्वजनिक संस्था वा गैर-सरकारी संस्था आ.व. .... देखि निरन्तर रूपमा सञ्चालन भइ फलफूल बिरुवा/बीउ आलु उत्पादन/सङ्कलन/विक्रि गर्ने भएको र उक्त संस्थाबाट ......... कृषक घरपरिवार लाभान्वित भइरहेको हुँदा नियमानुसार फलफूल बिरुवा तथा बीउ आलु उत्पादनका लागि तन्तु प्रजनन प्रयोगशाला निर्माण तथा मेसिनरी खरिदका लागि अनुदान रकम उपलब्ध गरिदिनु हुन सिफारिस सहित अनुरोध गर्दछु ।

कार्यालय प्रमुख
नामः
पदः
दस्तखतः
कार्यालयको छापः

## अनुसूची ४

## फलफूल बिरुवा तथा बीउ आलु उत्पादनका लागि तन्तु प्रजनन प्रयोगशाला स्थापनाका लागि प्रस्ताव पेश गर्ने ढाँचा

**१. आवेदकको विवरण**

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| यदि संस्था भए दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाइटरको वा अध्यक्षको नाम | |
| सम्पर्क मोबाइल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कुल बजेट रु | |
| अनुदानग्राहीको तर्फबाट व्यहोर्ने रकम रु | |
| माग गरिएको अनुदान रकम रु | |
| स्थानीय निकाय वा गैर-सरकारीसंस्थाबाट अनुदान प्राप्त हुने भए सोको विवरण पनि उल्लेख गर्ने | |
| प्रस्तावना पेश गर्ने कार्यालयको नाम | |

**२. कार्यक्रम सञ्चालन गरिने स्थान र प्रमुख बजार वा मोटर बाटो बीचको दुरी**

**३. कार्यक्रम सञ्चालन गरिने स्थानमा उपलब्ध अन्य भौतिक सुविधाहरू (सडक, पानी, विद्युत, आदि) उपलब्धताको बारेमा उल्लेख गर्ने ।**

४. प्रस्तावित कार्यक्रमको औचित्य तथा महत्त्व

५. प्रस्तवित कार्यक्रमको अपेक्षित उपलब्धि के-के हुन उल्लेख गर्ने ।

**न्यूनतम १५ वर्षसम्मको वार्षिक फलफूल बिरुवा तथा बीउ आलु उत्पादन योजना**

| वर्ष | विवरण | एकाइ | परिमाण | अनुमानित विक्री दर (रु.) | अनुमानित आय (रु.) |
|---|---|---|---|---|---|
| | फलफूल बिरुवा | | | | |
| १ | | | | | |
| २ | | | | | |
| ..... | | | | | |
| | बीउ आलु | | | | |
| १ | | | | | |
| २ | | | | | |
| ..... | | | | | |

६. फलफूल बिरुवा तथा बीउ आलु उत्पादनका लागि तन्तु प्रजनन प्रयोगशाला स्थापनाका अन्तरगत सञ्चालन हुने मुख्य-मुख्य क्रियाकलापहरूः

| क्र.सं. | क्रियाकलाप विवरण | एकाइ | परिणाम | समापन गर्ने मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | |

७. कार्यक्रम सञ्चालन अवधिः

## ८. खर्च विवरणः

### क. स्थिर खर्चको विवरणः

भवन निर्माण, कृषि यन्त्र उपकरणहरू, तारबार, जग्गा खरिद आदि जस्ता संरचना निर्माणमा हुने खर्च समावेश गर्ने ।

| क.सं. | क्रियाकलापहरूको विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च (रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

### ख. चालु खर्चको विवरण (एक वर्षको मात्र)

विशेषज्ञ खर्च (डिजाइन, अनुमानित लागत इष्टिमेट), ढुवानी, ज्यामी आदिमा हुने खर्च ।

| क.सं. | क्रियाकलापहरूको विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च (रु.) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

## ९. प्रस्तावित कार्यक्रमको लागत विवरण

**आफ्नो लगानी र माग गरिएको अनुदान रकम**

| क्र.सं. | विवरण | अनुदानग्राहीको लगानी (रु.) | माग गरिएको अनुदान (रु.) | स्थानीय निकाय वा अन्य संस्थाको लगानी (रु.) | जम्मा रकम (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |

| क्र.सं. | विवरण | अनुदानग्राहीको लगानी (रु.) | माग गरिएको अनुदान (रु.) | स्थानीय निकाय वा अन्य संस्थाको लगानी (रु.) | जम्मा रकम (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**१०. प्रयोगशाला सञ्चालनमा संलग्न हुने जनशक्ति तथा जनशक्तिको अध्ययन/तालिम सम्बन्धी विवरणः**

| क्र.सं. | जनशक्ति विवरण | तालिम/अध्ययनको विषय | तालिम/अध्ययनको वर्ष | अवधि | प्रदान गर्ने संस्था |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**११. अनुदान सहयोग पश्चात् प्रयोगशाला सञ्चालनमा निरन्तरताका आधारहरू उल्लेख गर्नुहोस्**

**१२. नयाँ सोंच केही भए उल्लेख गर्नुहोस्**

प्रस्तावकको

संस्थाका नाम

संस्थाको छापः

ठेगाना

दस्तखतः

मितिः

नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रूपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

## अनुसूची ५

### मूल्याङ्कनमा आधारहरू

| सि . नं. | विवरण | प्राप्त हुने अङ्क |
|---|---|---|
| १. | **तन्तु प्रजनन प्रयोगशाला स्थापना गर्ने जग्गाको क्षेत्रफल सम्बन्धी व्यवस्था** | **१५** |
| | क) ५ रोपनीभन्दा बढी जग्गा संस्थाको स्वामित्व भएको | १५ |
| | ख) ५ रोपनी जग्गा संस्थाको स्वामित्व भएको | १० |
| | ग) कम्तीमा ५ रोपनी जग्गा १५ वर्ष वा सोभन्दा बढीमा अवधिको लागि भाडामा लिएको | ५ |
| २. | **तन्तु प्रजनन प्रयोगशाला स्थापनाका लागि आवश्यक पूर्वाधार सम्बन्धी व्यवस्था** | **१०** |
| | क) सडक, बिजुली र सिँचाइको सुविधा पर्याप्त भएको | १० |
| | ख) सडक, बिजुली र सिँचाइको सुविधा पर्याप्त नभएको | **५** |
| ३. | **तन्तु प्रजनन प्रयोगशाला डिजाइन, साइज र उपयुक्तता** | **१५** |
| | डिजाइन, नाप, नक्सा प्राविधिक हिसाबले उपयुक्त र क्षमता पर्याप्त भएको | **१५** |
| | डिजाइन, नाप, नक्सा प्राविधिक हिसाबले उपयुक्त र क्षमता पर्याप्त नभएको | **१०** |
| ४. | **प्रस्तावित तन्तु प्रजनन प्रयोगशालाको प्रस्तावको आर्थिक क्षमताको अवस्था** | **१५** |
| | व्यहोर्नु पर्ने लागत अंश व्यहोर्न सक्षम भएको पर्याप्त आधार देखिएको | १५ |
| | व्यहोर्नु पर्ने लागत अंश व्यहोर्न सम्भाव्य नदेखिएको | ० |
| ५. | **बिरुवा उत्पादन योजना र उत्पादन सम्भाव्यताको अवस्था** | **१५** |
| | क) १०,००० फलफूलका बिरुवा तथा २५,००० बीउ आलु (Tuber) भन्दा बढी उत्पादन गर्ने योजना भएको | १५ |
| | ख) १०,००० फलफूलका बिरुवा तथा २५,००० बीउ आलु (Tuber) सम्म बिरुवा उत्पादन गर्ने योजना भएको | १० |
| ६ | **स्थानीय निकाय वा गैर-सरकारीसंस्थाको सहभागिता** | १० |
| | क) स्थानीय निकायको सहभागिता सुनिशचित भएको | १० |
| | (ख) गैर-सरकारी संस्थाको सहभागिता सुनिशचित भएको | ५ |
| | (ग) दुवैको सहभागिता नहुने | ० |

**६. जनशक्तिको अवस्था** **(२० अङ्क)**

| जनशक्ति विवरण | अङ्क भार | |
|---|---|---|
| | २० | १० |
| तन्तु प्रजनन् प्रयोगशाला | बायो टेक्नोलोजी, बोटानी, प्लाण्ट फिजियोलोजी, | बायो टेक्नोलोजी, बोटानी, प्लाण्ट फिजियोलोजी, प्लाण्ट ब्रीडिङ एण्ड |

| | | |
|---|---|---|
| | प्लाण्ट ब्रीडिङ एण्ड जेनेटिक्स, मोलिक्यूलर बायोलोजी विषयमा कम्तीमा स्नातकोत्तर तह अध्ययन | जेनेटिक्स, मोलिक्यूलर बायोलोजी विषयमा कम्तीमा स्नातक तह अध्ययन |
| अन्य (ग्रीन-हाउस, स्क्रिन-हाउस, सेड-हाउस) | कृषि विज्ञान विषयमा कम्तीमा स्नातक तह अध्ययन | कृषि विज्ञान विषयमा कम्तीमा प्रमाणपत्र तह वा जे.टी./जे.टी.ए. तालिम प्राप्त |
| **जम्मा** | | १०० |

## अनुसूची ६
## प्रतिबद्धता-पत्र

....................को मिति ................. मा प्रकाशित सूचना अनुसार फलफूल तथा बीउ आलुमा तन्तु प्रजनन प्रविधिबाट बिरुवा/बीउ उत्पादन गर्नको लागि तन्तु प्रजनन प्रयोगशाला स्थापना वा निर्माण गर्न इच्छुक भइ सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/गरेका छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरि घटीमा .................वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौं । कार्ययोजना अनुसारको कार्य नगरेमा वा ............वर्षभन्दा अगावै सो कार्यहरू बन्द गरेमा गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अनुदान फिर्ता गर्नेछु/गर्नेछौं । अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । साथै प्रस्तावित कार्यहरूका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं । इति संवत् २०७..........गते ..............रोज ....... शुभम् ।

नामः

ठेगानाः

दस्तखतः

मितिः

कम्पनी/संस्थाको छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसूची ७

## सम्झौता-पत्र

१. यो सम्झौता पत्र ....... (प्रथम पक्ष) र ....... (दोस्रो पक्ष) बीच तन्तु प्रजनन प्रविधिबाट फलफूल बिरुवा तथा बीउ आलु उत्पादन गर्नको लागि तन्तु प्रजनन प्रयोगशाला स्थापना तथा सञ्चालनका लागि प्रयोग हुनेछ ।

२. सम्झौता भएको मितिदेखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरू सम्झौता भएको मितिले ....... दिनभित्र सुरु गर्नुपर्नेछ ।

४. प्रयोगशाला स्थापना सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि स्वीकृत अनुदान सम्झौता बमोजिम एकाउन्ट पेयी चेकबाट बढीमा ३ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनेछ ।

५. अनुदान प्राप्त हुने रकमको अधिकतम ३.० (तीन) प्रतिशत रकम कन्टिन्जेन्सी बापत पहिलो पक्षले सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, प्रस्ताव मूल्याङ्कन जस्ता प्रशासनिक कार्यमा प्रयोग गर्नेछ ।

६. स्वीकृत अनुदान रकम भुक्तानी दिंदा छनौट तथा मूल्याङ्कन समितिको सिफारिसको आधारमा गरिनेछ । दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा छनौट तथा मूल्याङ्कन समितिको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ ।

७. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा छनौट तथा मूल्याङ्कन समितिले मूल्याङ्कनका लागि लागत अनुसारको बिल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नुपर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरू प्राप्त भएको ....... दिन भित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ ।

८. प्रयोगशाला स्थापना सम्बन्धी कार्यक्रमहरू....... महिनाभित्र सम्पन्न गर्नुपर्नेछ ।

९. प्रयोगशालाको निर्माण पश्चात बिमा गर्नुपर्नेछ।

१०. प्रयोगशालाको निर्माण र सञ्चालन पश्चात मर्मत सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनुपर्नेछ।

११. दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य सञ्चालन गरे पश्चात सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ ।

१२. कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको जिम्मेवारी दोस्रो पक्षबाट लिनुपर्नेछ ।

१३. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध स्रोतको दुरूपयोग भएको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रूपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरूपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ।

१४. प्रथम पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन, तालिम भ्रमणमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

| | |
|---|---|
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नाम : |
| पदः | पद : |

<u>साक्षीहरु:</u>